"समृद्ध गाउँपालिका र सुखी जनता"

माईजोगमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या: ०८३/८४
च.नं :५३५

नयाँबजार, इलाम
कोशी प्रदेश, नेपाल।
मिति: २०८३।०६।२६
ने.सं.: ११४६ कौलाथ्व २ सोमबार

श्री रजिष्टर्ड लेखापरीक्षक/ फर्म

विषयः विद्यालय लेखा परीक्षण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालयको आ.व.२०८२/०८३ को आर्थिक लेखा परीक्षण गर्नुपर्ने भएकाले तपशील बमोजिमको योग्यता पुगेका लेखा परीक्षक/ फर्म/ संस्थाले मिति २०८३/०७/१८ गते कार्यालय समय भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

१. निवेदन- १ थान,
२. स्थायी लेखा नम्बरको प्रतिलिपी-१ थान,
३. आ. व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी-१ थान,
४. आ. व. २०८३/०८४ सम्मको लाइसेन्स तथा फर्म दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी-१ थान,
५. लेखा परीक्षण इजाजत प्रमाण पत्रको प्रतिलिपी-१ थान,
६. एकल वा संस्थागत लेखा व्यवसायी फर्म दर्ता नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी-१ थान ।

लेखापरीक्षकले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु

१. निवेदन पेश गर्न माथि उल्लिखित कागजात सहित स्वयम् उपस्थित हुनुपर्नेछ ।
२. लेखापरीक्षण विद्यालयमा गएर नै गर्नुपर्नेछ ।
३. लेखापरीक्षकका रुपमा यस माईजोगमाईमा छनौट भइसकेपछि नियुक्ति लिएर मात्र काम सुरु गर्नुपर्नेछ । जसका लागि स्वयम् गाउँपालिकामा उपस्थित हुनुपर्नेछ ।
४. नियुक्ति लिएको बढीमा ६० दिनमा विद्यालयको लेखापरीक्षण सम्पन्न गरिसक्नुपर्नेछ भने सो को एक प्रति प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।
५. म्याद नाघेर आएका वा तोकिएको योग्यता नपुगेका निवेदन उपर कुनै कारबाही गरिने छैन ।

नोटः गाउँपालिकामा निवेदन पेश नभएका लेखापरीक्षकलाई यस गाउँपालिकाभित्रका सामुदायिक तथा धार्मिक विद्यालयहरुमा लेखापरीक्षण गर्ने अनुमति प्रदान गरिने छैन । साथै निवेदन पेश भएका सबै लेखापरीक्षकलाई अनिवार्य लेखापरीक्षण अनुमति प्रदान गर्न गाउँपालिका बाध्य हुने छैन ।

बोधार्थः श्री सूचना प्रविधि शाखा,माईजोगमाई गाउँपालिका -वेभसाइडमा प्रकाशन गर्नुहुन ।

०६।२६

करुणा नेपाल
शिक्षा शाखा करुणा नेपाल
शिक्षा अधिकृत आठौं

"कोशीको गौरव हिमालको सान, पर्यटन वर्षमा सबैलाई सम्मान"
Phone No:- 027411044, website:- www.maijogmaimun.gov.np
Email:-maijogmaigaupalika@gmail.com